# तीन दशकदेखि जग्गा खोजी

ज्योती पन्थी
*बबई (बर्दिया), जेठ २८ गते*

बर्दिया जिल्लाको गुलरिया नगरपालिका अन्तर्गतको थपुवागाउँका कृष्णप्रसाद थारू विगत तीन दशकदेखि आफ्नै नाममा दर्ता रहेको जग्गा खोज्दै विभिन्न सरकारी निकाय धाइरहनुभएको छ।

जग्गाधनी प्रमाणपुर्जा र सरकारी अभिलेखमा आफ्नो स्वामित्व कायम रहे पनि उहाँको जग्गा अहिले भारतीय भूभागतर्फ परेकाले त्यसको उपयोग गर्न नपाएको उहाँको गुनासो छ। कृष्णप्रसाद थारू मात्र होइन, थपुवागाउँका अन्य थारू परिवार पनि यस्तै समस्याबाट पीडित छन्। स्थानीय महराजिया थारूको १७ कट्ठा, झिरिया थारूको १० कट्ठा, खटिके थारूको १० कट्ठा तथा विश्राम थारूको दुई बिघा पाँच कट्ठा जमिनमा समेत अहिले भारतीय नागरिकले खेती गर्दै आएको यहाँका किसानको दाबी छ।

पीडित किसानका अनुसार जग्गाधनी दर्ता प्रमाणपुर्जा हातमा छ। नियमित रूपमा मालपोत कर पनि तिर्दै आएका छन् तर आफ्नो नाममा रहेको जग्गामा भने उनीहरूले खेती गर्न पाएका छैनन्। उनीहरूको भनाइमा उक्त जग्गा २०२१ सालको नापीले नेपालतर्फ रहेको प्रमाणित गरेको थियो र त्यसपछि लामो समयसम्म उनीहरूले नै जोतभोग गर्दै आएका थिए।

स्थानीयवासीका अनुसार २०५३ सालमा नेपाल र भारतका उच्च अधिकारीद्वारा सीमा नापजाँच गरिएपछि थपुवा क्षेत्रमा रहेको ५७ नम्बर सीमास्तम्भ नेपालतर्फ सारियो। त्यसपछि उनीहरूको खेतीयोग्य जमिन भारतीय भूभागमा परेको दाबी गरिएको छ। कृष्णप्रसाद थारूले गुनासो गर्नुभयो, "हामीले आफ्नै खेतमा धान रोपेका थियौँ। धान पाकेपछि भारतीय नागरिकले भारतीय प्रहरी र सीमा सुरक्षा बलको सहयोगमा काटेर लगे।" उहाँका अनुसार समस्या समाधानका लागि जिल्ला प्रशासन कार्यालयदेखि गृह मन्त्रालयसम्म पटक पटक निवेदन दिइए पनि अहिलेसम्म कुनै ठोस सुनुवाइ भएको छैन।

स्थानीय झिरिया थारूले सीमास्तम्भको स्थान परिवर्तनकै कारण आफ्नो जग्गा भारततर्फ परेको दाबी गर्नुभयो। उहाँले भन्नुभयो, "हामीसँग लालपुर्जा छ, कर पनि हामीले नै तिर्छौं तर खेती भने भारतीय नागरिकले गरिरहेका छन्।"

स्थानीयवासीका अनुसार पछिल्लो सीमा नापी सही हो भने २०२१ सालको नापीमा नेपाली भूभागभित्र रहेको जग्गा कसरी भारततर्फ पर्न गयो भन्ने प्रश्न अझै अनुत्तरित छ। उनीहरू तीन दशकदेखि आफ्नो जग्गाको स्वामित्व र उपयोगको अधिकार फिर्ता पाउने आशामा विभिन्न सरकारी निकाय धाइरहेका छन्।

बर्दियाका प्रमुख जिल्ला अधिकारी गोगनबहादुर हमालले नेपाल–भारत सीमा व्यवस्थापनसँग सम्बन्धित समस्या समाधानका लागि सीमाविज्ञसहितको टोलीले लुम्बिनी प्रदेशका सीमावर्ती जिल्लामा काम गरिरहेको जानकारी दिनुभयो। उहाँले आगामी वर्षसम्म यस्ता विवादित क्षेत्रको समस्या समाधानतर्फ ठोस प्रगति हुने अपेक्षा व्यक्त गर्नुभयो। सीमा विवादका कारण आफ्नै नामको जग्गा उपयोग गर्न नपाएका थपुवाका किसान भने तीन दशकदेखि न्यायको प्रतीक्षामा छन्।



तस्बिर : ज्योति पन्थी

नेपाल–भारत सीमाक्षेत्रको जीर्ण भएको पिल्लर।

## जीर्ण बन्दै सीमा पिल्लर

बबई समाचारदाता
*बबई (बर्दिया), जेठ २८ गते*

नेपाल–भारत सीमालाई छुट्याउन निर्माण गरिएका सीमा पिल्लर लामो समयदेखि मर्मत अभावमा जीर्ण बन्दै गएका छन्।

विशेष गरी बर्दियाको राजापुर नगरपालिका–७ स्थित शङ्करपुर क्षेत्रमा रहेको दशगजा क्षेत्रको पिल्लर नम्बर ६९९ भत्किएको बर्षौं भए पनि यसको मर्मतसम्भार हुन सकेको छैन। स्थानीयका अनुसार उक्त पिल्लर इँटाबाट निर्माण गरिएको थियो तर समयक्रमसँगै इँटा झर्दै जाने र संरचना भत्किँदै गएको छ।

राजापुरका स्थानीय सागर परियारले सीमा निर्माण गरिएको पिल्लर भत्किँदै गए पनि सम्बन्धित निकायले चासो नदिएको गुनासो गर्नुभयो। स्थानीय तहका जनप्रतिनिधिले समेत पिल्लर मर्मतका बेवास्ता गरेको उहाँले बताउनुभयो। राजापुर नगरपालिकाका प्रमुख दीपेश थारूले गत वर्ष गृह मन्त्रालयलाई सीमा पिल्लर पुनर्निर्माणका लागि अनुरोध गरिएको भए पनि काम अघि नबढेको बताउनुभयो।

सशस्त्र सीमा सुरक्षा बल नेपाल नं. ३१ गणका प्रहरी नायब उपरीक्षक मोहनबहादुर केसीले नेपाल–भारत संयुक्त टोलीमार्फत सीमा पिल्लरको मर्मत तथा पुनर्निर्माणको प्रक्रिया अघि बढिरहेको जानकारी दिनुभयो। उहाँका अनुसार केही क्षेत्रमा मर्मत काम भइरहेको छ भने बर्दियामा आगामी वर्षदेखि पिल्लर मर्मत र नयाँ निर्माणको काम विस्तार गर्ने तयारी छ।

# गौरवको आयोजनालाई बजेट अभाव

भैरहवा समाचारदाता
*भैरहवा, जेठ २८ गते*

लुम्बिनी प्रदेश सरकारको गौरवको आयोजनाका रूपमा रहेको लुम्बिनी प्रादेशिक अस्पतालको अत्याधुनिक भवन निर्माणको काम बजेट अभावका कारण प्रभावित हुने देखिएको छ।

निर्माण कम्पनीले तीव्र गतिमा काम अगाडि बढाए पनि सरकारले समयमै रकम उपलब्ध गराउन नसक्दा आयोजना सम्पन्न गर्न चुनौती थपिएको छ।

प्रदेश पूर्वाधार विकास प्राधिकरणका अनुसार चालु आर्थिक वर्ष २०८२/८३ मा भवन निर्माणका लागि विनियोजन गरिएको एक अर्ब रुपियाँमध्ये अधिकांश रकम अघिल्लो वर्षको बक्यौता भुक्तानीमै खर्च भएको छ। त्यसपछि निर्माण कम्पनीले गत भदौ महिनादेखि उधारोमा काम गरिरहेको जनाएको छ। प्राधिकरणका साइट इन्चार्ज इन्जिनियर शङ्कर सुवेदीका अनुसार हालसम्म निर्माण कम्पनीलाई एक अर्ब छ करोड रुपियाँ भुक्तानी गर्न बाँकी रहेको छ। ठेक्का सम्झौता अनुसार आगामी असार मसान्तसम्म सम्पन्न हुने कामको थप ३२ करोड रुपियाँ दायित्व सिर्जना हुने भएकाले सरकारको कुल भुक्तानी दायित्व एक अर्ब ३८ करोड रुपियाँ पुग्ने अनुमान गरिएको छ।

लुम्बिनी प्रादेशिक अस्पतालको नयाँ भवन निर्माणका लागि २०८० पुस २६ गते प्रदेश पूर्वाधार विकास प्राधिकरण र भारतीय निर्माण कम्पनी क्याप साइट–आशिष रेलिगेट संयुक्त उपक्रम तथा नेपाली कम्पनी आशिष रेलिगेसनबिच सात अर्ब १५ करोड ९४ लाख ७३ हजार रुपियाँमा ठेक्का सम्झौता भएको थियो। सम्झौता अनुसार भवन २०८५ पुस २५ गतेभित्र निर्माण सम्पन्न गर्नुपर्ने छ।

> हालसम्म निर्माण कम्पनीलाई कुल लागतको २७.३३ प्रतिशत अर्थात् दुई अर्ब नौ करोड रुपियाँ भुक्तानी गरिएको छ।

यद्यपि ठेक्का सम्झौता भएको आठ महिनापछि मात्रै औपचारिक रूपमा शिलान्यास गरिएको थियो। त्यसपछि पनि बजेट अभावबिच निर्माण कम्पनीले २२ महिनाको अवधिमा ४५ प्रतिशत भौतिक प्रगति हासिल गरेको छ। कार्यतालिका अनुसार असार मसान्तसम्म ४७ प्रतिशत काम सम्पन्न गर्ने लक्ष्य राखिएको थियो। हालसम्म निर्माण कम्पनीलाई कुल लागतको २७.३३ प्रतिशत अर्थात् दुई अर्ब नौ करोड रुपियाँ भुक्तानी गरिएको छ। यसबाहेक पेस्कीबापत एक अर्ब २१ करोड रुपियाँ उपलब्ध गराइएको थियो।

प्राधिकरणका अनुसार सरकारले निर्माण कम्पनीसँग गरेको सम्झौता अनुसार आवश्यक बजेट कुनै पनि वर्ष पूर्ण रूपमा विनियोजन गर्न सकेको छैन। पहिलो वर्ष आवश्यक एक अर्ब २० करोड रुपियाँमध्ये ६० करोड रुपियाँ मात्रै विनियोजन गरिएको थियो। दोस्रो वर्ष आवश्यक दुई अर्ब ५३ करोड रुपियाँको तुलनामा एक अर्ब ८० करोड रुपियाँ विनियोजन भयो भने चालु आर्थिक वर्षमा आवश्यक दुई अर्ब २२ करोड रुपियाँको सट्टा एक अर्ब रुपियाँ मात्रै छुट्याइएको छ। ठेक्का सम्झौता अनुसार निर्माण व्यवसायीले सम्पन्न कार्यको बिल पेस गरेको ५६ दिनभित्र भुक्तानी कानुनी गर्नुपर्ने व्यवस्था छ। निर्धारित अवधिभित्र भुक्तानी हुन नसके निर्माण कम्पनीलाई १० प्रतिशतसम्म जरिबाना दिनुपर्ने प्रावधान रहेको छ। गत भदौयता कुनै पनि बिलको भुक्तानी हुन नसकेकाले सरकारमाथि थप आर्थिक दायित्व बढ्दै गएको छ। निर्माण व्यवसायी शेरबहादुर केसीले सरकारले लामो समयदेखि भुक्तानी नगर्दा निर्माणका काम प्रभावित हुने अवस्था आएको बताउनुभयो। उहाँले निर्माण सम्झौता अवधिभन्दा छ महिनाअगावै सम्पन्न गर्ने लक्ष्यका साथ काम भइरहेको भए पनि तत्काल रकम भुक्तानी नभए काम रोक्नुपर्ने अवस्था आउन सक्ने चेतावनी दिनुभयो।

प्राधिकरणका अनुसार हालसम्मको बक्यौता र आगामी वर्षको निर्माणलाई ध्यानमा राख्दा आगामी आवमा मात्रै करिब तीन अर्ब रुपियाँ बजेट आवश्यक पर्ने देखिएको छ। इन्जिनियर सुवेदीले पेस्की रकम कट्टा गर्दै जाँदा पनि कम्तीमा दुई अर्ब रुपियाँ बजेट विनियोजन गर्नुपर्ने अवस्था रहेको जानकारी दिनुभयो। हाल आयोजनामा १० जना प्राविधिक विशेषज्ञसहित करिब दुई सय कामदार दुई सिफ्टमा खटिएका छन्। सिद्धार्थ राजमार्गसँग जोडिएको करिब छ बिघा १२ कट्ठा क्षेत्रफलमा निर्माण भइरहेको उक्त परियोजना अन्तर्गत १२ तले मुख्य भवन तथा क्यान्सर उपचार भवन निर्माण भइरहेको छ। पुराना संरचना हटाएर निर्माण थालिएको यस भवनबाट भविष्यमा एक हजार दुई सय शय्याको सुविधासम्पन्न अस्पताल सञ्चालन गर्ने लक्ष्य राखिएको छ।

# बजेटको तयारी गर्दै प्रदेश सरकार

भैरहवा समाचारदाता
*भैरहवा, जेठ २८ गते*

लुम्बिनी प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटलाई कृषि, उद्यमशीलता, पर्यटन र पूर्वाधार विकास केन्द्रित बनाउने तयारी गरेको छ। प्रदेश प्रमुखबाट प्रस्तुत नीति तथा कार्यक्रममा उल्लेख गरिएका प्राथमिकताका आधारमा सरकारले बजेटको अन्तिम गृहकार्य गरिरहेको छ। आर्थिक मामिला तथा योजना मन्त्रालयका अनुसार बजेटको पूर्वतयारीमा भएका सरोकारवालाबिचका छलफल र प्राप्त सुझावलाई समेत समेट्ने गरी अन्तिम गृहकार्य भइरहेको छ। मन्त्रालयका प्रदेश सचिव बन्धुप्रसाद बास्तोलाले स्थानीय तहको भूगोल र सम्भावना अनुसार विशेष कृषि उत्पादनको पहिचान गरी उत्पादन वृद्धि, ब्रान्डिङ र बजारीकरणमा जोड दिने तयारी गरिएको बताउनुभयो।

त्यसै गरी प्रदेश सरकारले जिल्लालाई कृषि स्रोत केन्द्रका रूपमा विकास गरी निश्चित उत्पादनमा केन्द्रित गर्ने रणनीति पनि लिएको छ। सचिव बास्तोलाले भन्नुभयो, "कृषिमा युवाको आकर्षण बढाउन युवा उद्यमशीलता कार्यक्रम सञ्चालन गर्ने नीतिसमेत बजेटमा समेटिन्छ।" औद्योगिक तथा व्यावसायिक वातावरण सुधारका लागि उद्योग दर्ता, नवीकरण, नामसारी र खारेजी प्रक्रियालाई पूर्ण रूपमा विद्युतीय प्रणालीमार्फत सञ्चालन गर्ने व्यवस्था मिलाइने भएको छ। स्वदेशी उत्पादनको ब्रान्डिङ र बजार विस्तारलाई पनि आगामी बजेटले प्राथमिकता दिने बास्तोलाको भनाइ छ।

प्रदेश सरकारले डिजिटल प्रविधिको प्रयोग विस्तार गर्दै सेवा प्रवाहलाई थप प्रभावकारी बनाउने लक्ष्य लिएको छ। उद्यम विकास कोषलाई थप विस्तार गरी स्वरोजगार र साना उद्यमलाई प्रोत्साहन गर्ने योजना पनि बजेटमा समावेश हुने अपेक्षा गरिएको छ।

## भूलसुधार

मिति २०८३।०२।२८ गते गोरखापत्र दैनिकको पृष्ठ १२ मा प्रकाशित **श्री बैजनाथ रौटेला बाह्रकुण्ड सामुदायिक वन उपभोक्ता समिति**को **सवारी साधन खरिद सम्बन्धी सूचना**को व्यहोराको १०औँ हरफमा '... **र स्वघोषणा पत्र समावेश गरी मिति २०८३।०३।०४ गते दिउँसो १२:०० बजे समयभित्र** ...' हुनुपर्नेमा भूलवश अन्यथा भई प्रकाशित भएकोले सच्याइएको छ।


"राजविराज शहर, समृद्ध–हरित नगर"
**राजविराज नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
राजविराज, सप्तरी, मधेश प्रदेश, नेपाल

**सिलबन्दी दरभाउ पत्र आह्वानको सूचना**

प्रथम पटक प्रकाशित मिति : २०८३।०२।२९ गते

**श्री योग्य आपूर्ति कर्ता व्यवसायीहरू सबै।**

प्रस्तुत विषयमा तपसिलमा उल्लेख भए बमोजिमको मालसामान खरिद कार्यहरू सार्वजनिक खरिद ऐन, २०६३ (दोस्रो संशोधन समेत) को दफा ४० को उपदफा (३) बमोजिम गर्नुपर्ने भएकोले योग्य आपूर्ति कर्ता व्यवसायीहरूका लागि यो सूचना प्रकाशन गरिएको छ। तपसिल बमोजिमको सर्तको अधीनमा रही सिलबन्दी दरभाउ पत्र पेश गर्नुहुन अनुरोध छ।

**तपसिल**

१. यस कार्यालयको राजस्व शाखाबाट रु. १,०००/– (फिर्ता नहुने गरी) तिरेको रसिद सहित मिति २०८३/०३/०३ गते कार्यालय समयभित्र दरभाउ पत्र खरिद गरी मिति २०८३/०३/०४ गते १२ बजेसम्म दाखिला गर्नुपर्नेछ। सोही दिनको १ बजे सिलबन्दी दरभाउ पत्र खोलिनेछ।
२. सिलबन्दी दरभाउ पत्र पेश गर्दा सोको साथमा प्यान/भ्याट दर्ता, व्यवसाय दर्ता, आ.व. २०८१/८२ को कर चुक्ता प्रमाणपत्र, आ.व. २०८२/८३ मा यस कार्यालयको मौजुदा सूचीमा रहेको प्रमाण पत्रको प्रतिलिपि तथा दरभाउ पत्रमा अङ्क र अक्षरमा विवरण भरेर सिलबन्दी खामबन्दी गरेर राजविराज नगरपालिकालाई सम्बोधन गरी नगर कार्यपालिकाको कार्यालय अन्तर्गत रहेको जिन्सी शाखामा बुझाउनुपर्नेछ।
३. सिलबन्दी दरभाउ पत्र खोल्ने समयमा आपूर्ति कर्ता व्यवसायी अनुपस्थित हुँदा समेत दरभाउ पत्र खोल्न बाधा पर्ने छैन।
४. सिलबन्दी दरभाउ पत्र स्वीकृत गर्ने/नगर्ने अधिकार नगर कार्यपालिकाको कार्यालयमा निहित रहनेछ।
५. सिलबन्दी दरभाउ पत्र स्वीकृत भइसके पश्चात् दरभाउ पत्र दाताले बढीमा २०८३ असार २० गतेसम्म मालसामान आपूर्ति गरी फरफारक गरिसक्नुपर्नेछ।
६. यस सूचनामा उल्लेख भएको यसै बमोजिम नभएको हकमा सार्वजनिक खरिद ऐन, २०६३ र ऐ.ऐ. नियमावली, २०६४ बमोजिम हुनेछ।

| सि.नं. | कार्यको नाम | विवरण | ल.ई. (मू.अ.क. सहित) |
|---|---|---|---|
| १ | १/२०८२/०८३/ SQ/RM/OFF1 | नगर स्तरीय– कम्प्युटर, प्रिन्टर लगायत मेसिनरी सामग्री खरिद | १९,९७,६९३।१० |
| २ | २/२०८२/०८३/ SQ/RM/OFF2 | नगर स्तरीय– फर्निचर फिक्चर्स सामान खरिद | १४,९०,६९६।०० |
| ३ | ३/२०८२/०८३/ SQ/RM/OFF3 | रेमी कार्यक्रम (ना.पा. बजेट)– उद्यमशीलता प्रबर्द्धनका लागि प्रविधि सहयोग सामान खरिद | १५,९४,०००।०० |
| ४ | ४/२०८२/०८३/ SQ/RM/OFF4 | रेमी कार्यक्रम (सङ्घीय सशर्त कार्यक्रम)– उद्यमशीलता प्रबर्द्धनका लागि प्रविधि सहयोग सामान खरिद | १९,९४,५००।०० |
| ५ | ५/२०८२/०८३/ SQ/RM/OFF5 | वडा स्तरीय– वडा नं. ७ मा इन्डोर जिम सामान खरिद | १३,७५,०००।०० |

– शाखा अधिकृत



**शिलबन्दी बोलपत्र/दरभाउपत्र स्वीकृतीका लागि छनोट गर्ने आशयको सूचना**

प्रथम पटक प्रकासित मिति २०८३–०२–२९

यस बैंकको तपसिलमा उल्लेखित कार्यालयको लागि आवश्यक इन्टेरियर कार्य गर्नको लागि उल्लेखित मितिको गोरखापत्रमा प्रकाशित सूचना बमोजिम प्राप्त बोलपत्रहरूको मूल्याङ्कन समितिबाट मूल्याङ्कन पश्चात् सारभूत रुपमा प्रभावग्राही एवं न्यूनतम मूल्याङ्कित तपशिल बमोजिमको बोलपत्र स्विकृतिका लागि सिफारिस भै आएकाले सम्बन्धित सबैको जानकारीका लागि सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ (२) बमोजिम यो सूचना प्रकाशित गरिएको छ।

तपशिल :

| सि. नं. | सूचना प्रकाशित मिति | कामको विवरण | सारभूत रुपमा प्रभावग्राही बोलपत्रदाताको विवरण | कबोल रकम रु. (मू.अ.कर सहित) |
|---|---|---|---|---|
| १. | मिति २०८३.०२.१२ bolpatra.gov.np | चिती एक्स्टेन्शन काउण्टर, इन्टिरियर कार्य (RBBL/ AMD/NCB/W/ Chiti/SQ/082/83) | रुद्र इनर्जी ट्रेड एण्ड सप्लायर्स प्रा.लि., स्युचाटार–१०, नागार्जुन, काठमाडौं | रु. ११,६०,९०५।७३ (अक्षरेपि एघार लाख साठ्ठी हजार नौ सय पाँच र पैसा त्रिहत्तर मात्र) |

राष्ट्रिय वाणिज्य बैंक
RASTRIYA BANIJYA BANK
...तपाईंको आफ्नै बैंक
नेपाल राष्ट्र बैंकबाट 'क' वर्गको इजाजतपत्रप्राप्त संस्था

राष्ट्रिय वाणिज्य बैंक लि.
केन्द्रीय कार्यालय
सम्पत्ति व्यवस्थापन विभाग,
थापाथली, काठमाडौं
फोन ५७२१२१२



**बेँसीशहर नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बेँसीशहर, लमजुङ**

**बोलपत्र स्वीकृत गर्ने आशय सम्वन्धी सूचना**

प्रकाशित मिति : २०८३/०२/२९

बेँसीशहर नगरपालिकाको मिति २०८३/०१/१८ गते प्रकाशित सूचना अनुसार तोकिएको समयभित्र E-Bidding मार्फत रितपूर्वक दर्ता भएका बोलपत्रहरुमध्ये बोलपत्र मूल्यांकन समितिको निर्णय अनुसार तपसिलमा उल्लेखित बोलपत्रदाताहरु न्यूनतम मूल्यांकित सारभूत रुपमा प्रभावग्राही पाइएकोले सार्वजनिक खरिद ऐन, २०६३ को दफा २७(२) र दफा ४७ को प्रयोजनार्थ सम्बन्धित बोलपत्रदाता तथा सबै सरोकारवालाहरुको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ|

| सि.नं. | ठेक्का नं. | कामको विवरण | बोलपत्र स्वीकृत हुने फर्मको नाम | कबोल अंक रकम रु. (मू.अ कर र पि.एस. बाहेक) |
|---|---|---|---|---|
| 1. | BM/W/NCB/ 082/083/15 | Upgarding of Ritthebagar Bhakunde Tilahar Road, Ward No. 11 | Anshu Engineering and Construction, Besishahar-2, Lamjung | रु ३३,३८,५६४.९ |



**ब्रह्मपुरी गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**ब्रह्मपुरी, सर्लाही, मधेश प्रदेश, नेपाल**

**सिलबन्दी दरभाउपत्र आह्वान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मिति: २०८३/०२/२९ गते

यस ब्रह्मपुरी गाउँपालिकाको आ.व.०८२।०८३ को लागि स्वीकृत कार्यक्रमबाट तपसिल बमोजिमको निर्माण कार्य गर्नुपर्ने भएकोले ईजाजत प्राप्त फर्म/कम्पनीबाट उल्लेखित शर्तहरुको अधिनमा रही रीतपूर्वकको शिलबन्दी दरभाउपत्रमा सहभागी हुन सूचना प्रकाशित गरिएको छ। यस सम्बन्धी विस्तृत विवरण यस कार्यालयको वेवसाइट https://brahmapurimun.gov.np मा हेर्न सकिने छ।

तपशिल

| ठेक्का नं. | कामको विवरण | लागत अनुमान रकम भ्याट र पि.एस. सहित | जमानत वापतको रकम | दरभाउपत्र खरिद रकम | फारामहरु | रकम जम्मा सम्बन्धी विवरण |
|---|---|---|---|---|---|---|
| Brahmapuri/ Electrical/ works/SQ/03 /2082/083 | Ghar batti jadan, Tar Pole Maramat, Bidhut Retension tatha Transformer Jadan Karya | १६,९९,२३३.११ | ४४,०००/- | १,०००/- | बिक्रि हुने अन्तिम मिति: २०८३/०३/०४ बुझाउनु पर्ने अन्तिम मिति: २०८३/०३/०५ गते १२ बजे सम्म। बोलपत्र खुल्ने मिति: २०८३/०३/०५ दिनको १:०० बजे | नविल बैंक ब्रह्मपुरी शाखा राजश्व खाता नं: २१७०१०१७५०००२७ धरौटी खाता नं: २१७०१०१७५०००१७ |

प्रमुख प्रशासकीय अधिकृत



**नेपाल सरकार**
**गृह मन्त्रालय**
**जिल्ला प्रहरी कार्यालय कन्चनपुर**

**आर्थिक प्रस्ताव खोलिने सम्बन्धी सुचना**

प्रथम पटक प्रकाशित मितिः-२०८३।०२।२९

जिल्ला प्रहरी कार्यालय कन्चनपुरमातहत प्रहरी चौकी गैलनदी कन्चनपुरको भवन निर्माण कार्य गर्ने सम्बन्धमा मिति २०८३।०१।१५ गते E-Bidding मार्फत प्रकाशित बोलपत्र आह्वावान सम्बन्धी सूचनाबमोजिम तोकिएको अवधिभित्र दर्ता हुन आएका प्राविधिक प्रस्ताव खोली मुल्याङ्कन समितिद्वारा मूल्याङ्कन पश्चात तपसिलबमोजिमका बोलपत्रदाताहरुको प्राविधिक प्रस्ताव सारभूतरुपमा प्रभावग्राही भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ तथा ऐ. नियमावलीको नियम ३१ ज(५) अनुसार आर्थिक प्रस्ताव यहि २०८३।०३।०५ गते १३:०० बजे यस कार्यालयमा खोलिने भएकोले सम्बन्धित सबैको जानकारीको लागि तथा उपस्थितिको लागि यो सूचना प्रकाशित गरिएको छ।

तपसिलः-

| निर्माण कार्य: | प्राविधिक प्रस्तावमा सफल भएका बोलपत्रदाताहरु: |
|---|---|
| Construction of Office cum Barrack/Mess and Allied Works at Police Post office Gayalnadi,Kanchanpur) (IFB No: RB/ NCB/ PP/ GAYALNADI/ KANCHANPUR/ 2082-83) | 1. SAWAD-M.S.JOINT VENTURE Dhangadi, Kailali<br>2. National Construction Pvt Ltd mahendranagar kanchanpur<br>3. Jagannath R.B.NK JV Darchula<br>4. Masta- Betalmandu J.V. Dhangadi |



**नेपाल सरकार**
**स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालय**
**नारायणी अस्पताल**
**वीरगंज, पर्सा**

**विद्युतीय बोलपत्र स्वीकृति सम्बन्धी आशयको सूचना**

सूचना प्रकाशित मितिः २०८३/०२/२९

यस अस्पतालवाट मिति २०८२/१२/१७ मा प्रकाशित तपशिलको विवरण भएको विद्युतीय बोलपत्रहरु आह्वानको सूचना अनुसार तोकिएको मितिभित्र रीतपूर्वक दर्ता हुन आएका बोलपत्रहरुको आर्थिक प्रस्तावहरु सार्वजनिक खरिद ऐन (संसोधन सहित), २०६३ को दफा ७१ तथा सार्वजनिक खरिद नियमावली (संसोधन सहित), २०६४ को नियम १४७ अनुसार गठित मूल्यांकन समितीबाट विस्तृत मूल्यांकन हुँदा तपशिल बमोजिमका बोलपत्रदाताको प्रस्ताव सारभूत रुपमा प्रभावग्राही भई तपसिल बमोजिमको फर्मलाई सि.नं.को अधारमा स्वीकृत गरी सार्वजनिक खरिद ऐन (संसोधन सहित), २०६३ को दफा २७ को उपदफा २ बमोजिम न्यूनतम दर रेट पेश गरेको तपशिलको बोलपत्रदाताको बोलपत्र स्वीकृत गरिएकोमा यो आशयको सूचना सम्बन्धित सबैमा जानकारीको लागि प्रकाशन गरिएको छ।

तपशिलः –

| सि. नं. | ठेक्का नं. | ठेक्काको विवरण | ठेक्का स्वीकृत भएको फर्मको विवरण | कबोल अंक (मूअकर बाहेक) |
|---|---|---|---|---|
| १. | NH/NCB/G/ 082/083/05 | Procurment of Medicine Items Package-1 | EMERALD PHARMA,SUBIDHANAGAR-32 KATHAMANDU | ८६२६६१५३.५० |
| २. | NH/NCB/G/ 082/083/06 | Procurment of Medicine Items Package -2 | D B MEDICINE CENTER,DHANGADI KAILAI, NEPAL | ५९५५७८७५.०० |
| ३. | NH/NCB/G/ 082/083/07 | Procurment of Medicine Items Package-3 | NIRIJAMA MEDICO SUPPLIERS, MADHAYPUR THIMI-6 BHAKTPUR | ३१२५३७७५.०० |
| ४. | NH/NCB/G/ 082/083/09 | Procurment of Waste Lab Chemical for Open System | D.B.T. RNTERPRISES BASUNDHARA, KATHMANDU | ४६६७७८९.०० |

नि.प्रमुख मेडिकल सुपरिटेन्डेन्ट